☎ ६६३७८७२/६६३७८७३
Email: exam@tsc.gov.np
Website: www.tsc.gov.np

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

प.सं. : ८३/८४
च.नं.:

विषय :- विज्ञसूचीका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रकाशन मिति :- २०८३/०७/३०)

शिक्षक सेवा आयोगवाट सञ्चालन हुने बिभिन्न तह र श्रेणीका खुला प्रतियोगितात्मक परीक्षा, आन्तरिक प्रतियोगितात्मक परीक्षा (२५ प्रतिशत बढुवा) र अध्यापन अनुमतिपत्र परीक्षाका प्रश्नपत्र निर्माण, परिमार्जन तथा उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनका लागि विज्ञ सूची अद्यावधिक गर्नु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता भएका महानुभावहरूले मिति २०८३/०८/२९ गतेभित्र आयोगको इमेल ठेगाना **exam@tsc.gov.np** मा वा सोझै शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरमा यसैसाथ संलग्न फाराम भरी आफ्नो विवरण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>विज्ञहरूको वाञ्छनीय योग्यता</u>

क. नेपाली नागरिक,
ख. शिक्षा विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको,
ग. माध्यमिक तहको स्थायी शिक्षक र निजामति सेवा वा संगठित संस्थाको अधिकृतस्तरमा कम्तिमा २ वर्ष सेवा अवधि पूरा गरेको,
घ. विश्वविद्यालय सेवामा कम्तिमा उपप्राध्यापक पदमा स्थायी नियुक्ति भई २ वर्ष सेवा अवधि पूरा गरेको,
ङ. कम्तिमा शिक्षा विषयमा स्नातक तह उत्तिर्ण वा माध्यमिक तहको १० महिने शिक्षा सम्बन्धी तालिम पूरा गरेको र स्नातकोत्तर तह उत्तीर्ण गरेको,
च. बुँदा नम्बर ग र घ मा उल्लेखित कुनै निकायमा नियुक्ति लिई अवकाश प्राप्त व्यक्तिहरू ।

विज्ञसूची अद्यावधिक गर्ने प्रयोजनका लागि विवरण पेश गर्दा यसैसाथ संलग्न फारामसहित तोकिएको योग्यता बमोजिमका कागजातहरूको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२०८३/०६/३०

नृपध्वज मगर
उपसचिव

विज्ञको व्यक्तिगत विवरण

१. व्यक्तिगत विवरणः

नामः

हालको वा अवकास हुँदाको पदः

स्थायी ठेगानाः

हाल कार्यरत संस्था :

हालको ठेगानाः

इमेल :

टेलिफोन नं.

मोबाइल नं.:

२. शैक्षिक उपाधिको विवरण (माथिल्लो शैक्षिक उपाधिलाई पहिले लेख्नुहोला)

क्र सं.	शैक्षिक उपाधि	उत्तीर्ण वर्ष	श्रेणी	मुख्य विषय	कैफियत
१					
२					
३					

(शैक्षिक उपाधि उल्लेख गर्दा स्नातकोत्तर र सोभन्दा माथिको मात्र उल्लेख गर्नुहोला)

३. आयोगसँग सम्बन्धित रुचिको क्षेत्र (विशेषज्ञता हासिल गरेको क्षेत्रमा (√) लगाउनु होला)

पाठ्यक्रम तर्जुमा			उत्तरकुञ्जिका निर्माण/परिमार्जन			उत्तरपुस्तिका परीक्षण			अन्तर्वार्ता लिएको		
प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक

४. आयोगको काममा हासिल गरेको अनुभव

क्र.सं.	विषयगत विधा	तह			कैफियत
		प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	
१	नेपाली				
२	अंग्रेजी				
३	गणित				
४	विज्ञान				
५	अन्य				

(अनुभवलाई विस्तृत नगरी पटकमा उल्लेख गर्नुहोला)

माथि लेखिएको व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्दछु ।

मिति :

.....

हस्ताक्षर